# मुसहर वस्ती र सामुदायिक वन

**प्रभास देवकोटा र अप्सरा चापागाई**

अन्दाजी करिब ६०-६५ वर्षका वृद्ध; खपटे अनुहार; सेता भुस्स परेका दारी; अनुहार भरी पीडा, व्यथा र तिक्तताका असङ्ख्य रेखाहरू; क्षितिज ताकेका आँखा; मैला, सायद कसैबाट प्राप्त जडौरीमा रंगी विरंगी टाला हालेर लाज छोप्न भर मग्दुर प्रयास गरिरहेका लुगा; खोङ खोङ लहरे खोकी उनको एकसरो परिचय यही भेटिन्थ्यो । "खै हाम्रा बाजे कहाँ बस्थे था छैन, हामी कहाँबाट आयौं त्यो पनि था छैन; बाबु ! पापी पेटको सवाल, काम खोज्दै, डुलुवा कुकुर जस्तो डुल्दै, डुल्दै अहिले खोलाको किनारमा बस्न थालेको पनि त्यस्तै ३०-३५ वर्ष भयो ।" बुढाले विंडीको लामो सर्को तानेर एक सासमा आफ्नो बाँकि परिचय थपे । त्यो खोलाको किनार खयरमारा गा.वि.स.-७ को टुटेश्वर भडाहा खोलाको किनार थियो ।

हामीले फेरि अर्को प्रश्न तेर्स्यायौं, मानौ हामी ठूला अनुसन्धानविद हौं र उनी मानवशास्त्रीय अध्ययनका लागि ठूलो सन्दर्भग्रन्थ । "ए ! त्यसो भए अहिले यो वस्तीमा कति जना हुनुहुन्छ ? आफ्नो जग्गा जमिन कति छ ?" बुढाले फेरि विंडीको अर्को एक गहिरो धित मर्ने सर्को तानेर सुरु गरे, "वंश पनि था छैन, जात पनि था छैन, भन्नेले हामीलाई पानी नचल्ने जात भन्छन्, यस्तो मान्छेको पनि कँही जग्गा जमिन हुन्छ बाबु" बुढाले मनभरिको भावनालाई आँखासम्म ल्याए, बुढाका आँखाबाट तप्प तप्प दुई थोपा आँसु चुहिए । हामीलाई लाग्यो, मौनताको संस्कृतिमा बाँच्न विवस एउटा बाजे जसको अर्को पुस्तालाई पुस्तान्तरको समयमा दिने परिचय नै छैन, हामीले कतै बुढाको संवेदनाको तहलाई त खल्बल्याएनौं । हामी भित्र भित्रै आफ्नै प्रश्न प्रति लज्जा बोध गर्‍यौं तर त्यो बेलासम्ममा बुढा आफैं सम्हालिइ सकेका थिए । यति बेरमा बुढालाई चारैतिरबाट नाती नातिनाहरूले काका र कुकु गर्दै घेर्न आइपुगे । अन्दाजी ८, ९ वटा भन्ट्याङ भुन्टुङहरू मध्ये कसैको पेट टाउको भन्दा ठूलो छ, कसैले नाक भरी सिंगान काढेका छन्, कोही १-२ हप्ता देखि विरामीले लखतरान परेका छन्, कसैको कपाल वर्षौ नकोरिएको जस्तो छ । एउटा कुरा मात्रै सबैको भएको साझा थियो, कसैको शरीरमा पूरा कपडा थिएन, भएको कपडा पनि कसैको आफू भन्दा ठूलो, कसैको त्यो गर्मीमा पनि च्यातिएको उनीको स्विटर; प्रष्ट आभास दिन्थ्यो कि सबैले साहुका छोरा छोरीको जडौरी लगाएका छन् । बूढाले लौराले सबैलाई तितर वितर पारे । त्यै बेला उनको वय मिल्दा संधीका अर्का पाका आइपुगे; "बैठ, यहाँ बैठ" उनले भने तव अर्का वृद्ध उनीसंगै बसे । हामीले यसो नियाल्यौं तात्विक भिन्नता केही थियो भने त्यो अनुहारको आकृती मात्र हो नत्र उही भेस, भुषा, उही पीडा, तिक्तता र दुर्वोध्यता ।

पहिलो बुढाले फेरि सुरु गरे "ए, सूर्ती बनाउन, साहेब त हाम्रो घरमा खानुहुन्न होला, गर्मी छ पानी प्यास लाग्यो होला ?" हामीले भन्यौ "हैन हामी खान्छौं, साह्रै तिर्खा लागेको छ" बूढाले ठूलो स्वरमा भने "ए लछमनिया ! लोटा माझेर पानी ल्याऊ, साहेव, साहेवनीलाई ।" लछमनिया आइन् । सूर्यको रापमा काम गर्दा गर्दा काली भए पनि हिस्सी परेकी, नाकमा पितलको नाकै भाचिएला जस्तो ठूलो झुम्की लगाएकी अन्दाजी २६-२७ वर्षकी, ग्रामिण, सोझी तर संकोची, पेटमा अर्को बच्चालाई बोकेर यो पृथ्वीको जन सङ्ख्यामा अर्को एउटा थप्ने पूर्ण तयारी गरी सकेकी । शिरमा मुख नदेखिने गरेर घुम्टो काढ्दै पानी भूइमा राखिन्, मानौं पर पुरुषलाई हेर्नु ठूलो पाप हो र उनी त्यो पाप गर्न चाहँदिंनन् । बूढाले भने, "मेरी बुहारी हजुर, अहिले दुई जीउ भएको हुदाँ घरमै छ, अघिका ४ जना यसकै छोरा छोरी हुन् दुइटा जन्मिदै मरे हजुर" । मानौ बूढाले विरताको गाथा गाइरहेका छन्; अझ

यसो भनौ अल्पसङ्ख्यक मुसहर जन सङ्ख्यालाई अलिकति भएपनि बढाउने बुढाको भित्री मनसुवालाई बुहारीले साथ दिइरहेकी छन् ।

बूढाले पुरानै प्रसङ्गलाई पुनः जोड्दै भने, “सुन्दरपुर, धनसपुर, श्रीनगर र अम्लेश्वरबाट आएका हामी अहिले ९७ जना यो गाँउमा बस्छौं हजुर, जसमा महिला ५० र ४७ पुरुष हजुर” छुड्कउले भने - छुड्कउ अर्का बूढाको नाम थियो ।

हामीले त्यहि बेलासोंध्यौ, “कसैसँग नागरिकता छ त ?” उनले भने “लाल पूर्जा छैन, जमिन छैन अब कसरी नागरिकता होस् हजुर” बूढाले भने ।

त्यही बेला पारीबाट एक जना युवक आइपुगे सिलपटे थाल भरी विभिन्न मिठाइहरू लिएर । हामीले सोध्यौं “यो मिठाइ के को लागि हो ?”, उनले भने “अव फगुवा आउदै छ हजुर” त्यही बेला बूढाले थपे, “हजुर ! हामी फगुवा, पवनी क्या हजुर “छठ”, माघे संक्रान्ती खुव मनाउँछौं, तर हाम्रो सबभन्दा ठूलो रमाइलो गर्ने दिन “छठ” हो । यसबेला महिलाहरू तीन दिनसम्म केही नखाएर व्रत (पुरक) बस्छन् र मीठो मिठाइ जम्मा गरेर खान्छन् हजुर । यो मिठाइहरू कसैले जुठायो वा बच्चा बच्चीहरूले चोरेर खायो भने पनि भगवान रिसाएर चर्म रोग लाग्छ भन्ने मान्यता छ । तिन दिन पछि पोखरीमा फूल पत्र बगाई दियो बाली पोखरीमा पसेर स्नान गरेर जम्मा गरेको मिठाइ खान्छन् र बाजा गाजा बजाई खुसी मनाउँछन् ।” यसै प्रसंगमा छुड्कउले थपे, “हामी मैथली बोल्छौं हजुर, हाम्रो जातले नेपाली भाषा बुझ्छ तर बोल्न जान्दैन । हामी चाडवाडमा मासु, भात, माछा र तरुवा (भुटेको आलु) खान्छौं । हजुरको कुरा बुझ्छु तर बोल्न जान्दिन हजुर ।” “हाम्रो लुगा छ नि हजुर पाइजामा, कमिज र धोती हो त काँधमा अनिवार्य गम्छा हाल्छौं । महिलाहरू सारी, साया (पेटीकोट), ब्लाउज् लगाउँछन्, फुली, बुलाकी र कानमा कुंडल लाउँछन् ।” “हामी सबै धेरै हिन्दु छौं तर केहिले वैष्णव र बौद्ध धर्म पनि मान्छन् हजुर ।”

वृद्धहरूसँगको कुराकानी निकै रसपूर्ण तरिकाले गहिरिदै थियो । ठीक त्यसैबेला एकहुल महिलाहरू साना मसिना, झिंजा दाउरा बोकेर लामवद्ध तरिकाले आइपुगे । हामीले सोध्यौं, “तपाईंहरूको आफ्नो सामुदायिक वन छ ?” बूढाले बेलि विस्तार लाउँदै भने, “त्यो क्या बाबु ! छुडकउ के हो नाम रे ?”, छुडकउले भने “त्यो केर नेपाल क्या हैन हजुर” हामीले भन्यौं “ए ! केयर नेपाल” “हो, त्यसले २०४६ सालतिर समूह गठन गर्न सहयोग गऱ्यो । एक जना छिमेकी, राम्रो मान्छे राजेश्वर यादवको अध्यक्षतामा ३ जना मुसहर समेतको समिति बनाए र त्यसको नाम डुमिनिया प्रस्तावित सामुदायिक वन राखियो । त्यै साल जेठमा सिसौ, इपिल, टिक र डाले घाँस केयर नेपालले उपलब्ध गरायो र हामीले वृक्षारोपण गऱ्यौं, विरुवा लगाएपछि भूईंमा कोदो, मकै रोप्न सिकाए । हामीलाई त्यो थाहा थिएन । विस्तारै रोपेका विरुवा हुर्कन थाले र त्यो ३ हेक्टर वनमा हामीले कोदो, मकै खेती गरेर पनि खान थाल्यौ तर हामी (मुसहर) हरूलाई त्यो वन हाम्रो हुन्छ भन्ने लागेको थिएन ।”

“फेरि २०५१ सालमा केयर नेपालकै सहयोगमा, रामेश्वर ठाकुरको अध्यक्षतामा ७ जनाको समिति गठन गरी विधान र वन कार्ययोजना तयार गरियो र अरु ३५.२६ हेक्टर वन थपियो । उक्त जम्मा ३८.२६ हेक्टरको वन **मुसहर सामुदायिक वन**को रुपमा २०५३ सालमा जिल्ला वन कार्यालयबाट हामीलाई हस्तान्तरण भयो ।” त्यही बेला बड्कउले थपे, “वृक्षारोपण गरिएको वन क्षेत्र भित्र झाडी सफाई, जोतखन आदि गरी कृषिजन्य खेतीबाट जीवन यापन गरिरहेका छौं । केयर नेपालकै सल्लाहमा सुकेका सिसौंहरू बेच्यौं । सुकेका सिसौको ठाँउमा कटहर, केरा, लिची आदि रोप्यौं । केयर नेपालकै सहयोगमा केहीले नागरीकता पनि प्राप्त गरे ।” हामीले सोध्यौं “त्यसो भए पहिलेको भन्दा अहिले हात मूख जोर्न सजिलो भएको छ हैन बाजे ?” “हो त, हामीलाई खेर गएको वनलाई संरक्षण गरेर यस्तो

बनाउन सकिन्छ होला भन्ने त कहिल्यै लागेको थिएन तर गरे पछि हुँदो रहेछ" । हामीले पुनः प्रति प्रश्न तेर्स्यायौं "त्यसो भए अरु के के काम भएका छन् त तपाईंहरूको सामुदायिक वनमा ?" "साहेव, कथा त अझ लामो छ, फेरि वन विभागले हाम्रो वनलाई फिर्ता गर भनेर दबाव पनि दियो तर हामी सबै आन्दोलनमा उत्रिहालीम हजुर" अघिदेखि कुरा सुनेर बसिरहेका युवकले जोशका साथमा भने ।

बुढाले फेरि लामो एक कश विंडी ताने, "आँप र अन्य विरुवाहरू हुर्कदै गए, हामीले सामुदायिक वनमा व्यक्तिगत खण्ड विभाजन गरी कृषिजन्य र नगदे वाली लगाई जीवन गुजारा गर्दै आएकोमा गत सालबाट आँपले पनि आम्दानी दिन थाल्यो जसबाट आफूहरूले खाएर बाँकी बचेको मध्ये बेचेर ६ हजार पाँच सय रुपैँया बनायौं । हाम्रो वनमा अहिले ५० रुख कटहर र १५ वटा लिची पनि फल्न थालि सकेका छन् । १४ हेक्टरमा फलफूल र बाँकी २४.२६ हेक्टरमा खयर, कर्मा, साभ्क, बाँजी र फाटफुट सालको जङ्गल छ र हाम्रो वनमा औषधीजन्य जडीबुटी छ भन्ने कुरा थाहा पाए पछि यस वर्ष थप भ्काडी सफाइ र तारबार गर्ने सोचेका छौं ।"

त्यतिबेला सम्म एक शब्द पनि नबोलेकी लछमनिया आइन् र आफ्नो सारीको पल्लु ठीक पार्दै आधा मैथिली र आधा नेपाली मिसिएको लब्जमा आफ्ना कुराहरू राख्ने प्रयास गरिन् । हामीलाई खुसि लाग्यो र हामीले पनि निर्धक्क बोलुन् भनेर प्रश्न सोध्यौं "भन्नुस् त सामुदायिक वनबाट अरु तपाईंहरूले के के फाइदा पाउनु भएको छ भउजी ?" उनले भनिन्, "वन पैदावार सहुलियत पूर्ण तरिकाबाट प्रयोग गरी दैनिक आवश्यकता पूरा गरेका छौं, समूहको कोषमा भएको रकमबाट बाखापालन, बंगुरपालन, कुखुरापालन, गोरुपालन, भैंसी पालन, तरकारी खेती र सहुलियत दरमा घुम्ती लगानी पनि गर्ने गरेका छौं ।" हामीले फेरि सोध्यौं, "तपाईंहरूको सामुदायिक वनमा निर्णय गर्ने, नेतृत्व गर्ने पदहरूमा तपाईं महिलाहरूको स्थान कस्तो छ, तपाईंहरूका कुरा पुरुषले सुन्छन्, सुन्दैनन्" ? लछुमनियाले भनिन्, "त्यस्तै आधा आधा छ ४५-५० प्रतिशत, तर अझै हामी महिलाको कुरा सुनिइँदैन" । लछुमनिया आफ्नो "बाखापालन समूह" को अध्यक्ष रहिछन् । आफ्नो पालो कति खेर आउला भनेर पर्खिरहेका युवकले भने, "सामुदायिक वन कै कारण अहिले आएर सरकारले केहीलाई नागरिकता दिएको छ, मुसहर जातिको घर घडेरी र स्थायी बसोबास भएको छ ।" छुडकउले थप्दै भने "समूह बनेको छ, संगठन बनेको छ, कुरा राख्ने ठाउँ बनेको छ, पिर मर्का पोख्ने ठाउँ बनेको छ । हामी अहिले संगठित भएका छौं, त्यसैले हामीले चाहे अनुसार विधान बदल्न सफल भयौं ।" खोक्दै वृद्धले भने, "सबभन्दा ठूलो कुरो अधिकारबारे सचेत हुने र संगठित हुने कुराको सुरुवात भएको छ ।"

लछुमनियाले आग्रह गरे पछि हामीले त्यहाँ भात नखाई आउनै पाएनौं । झुप्रो घर भए पनि सुकिलो भान्सा, सकी नसकि आफ्नो दुइजिउलाई सम्हालेर "अतिथि देवो भवः" को युगिन मन्त्रलाई पालन गर्दै लछुमनियाले पकाएको मुसुराको दाल, मोटो चामलको भात, भ्किंगे माछा र सिंद्राको अचार जिब्रो पड्काई पड्काई खायौं । हामीलाई लछुमनियाले जसरी उदार हृदयले र उदार हातले अहिलेसम्म सायदै कसैले खुवाएको थिएन । करिब पाँच घण्टाको हाम्रो मुसहर बस्तीको बसाइले जीवनमा नयाँ उर्जा थपेको छ । मौनताको संस्कृती भित्र असिम उर्जा हुन्छ भन्ने कुरा हामीले त्यहीँ गएर सिक्यौं । खाना खाए पछि हामीले थाल माभ्कने जमर्को गरेको देख्दा लछुमनियालाई नराम्रो लागेछ । त्यसैले थाल नमाभ्की हामीले हृदयको अगाध आस्था र श्रद्धा सहितको धन्यवाद त्यो मुसहर बस्ती र लछुमनियालाई व्यक्त गरेर बिदा भयौं ।

यो सामुदायिक वनबाट सिक्न सकिने पाठहरु :-
१. सामुदायिक वनबाट सजिलैसँग जीवनयापन गर्न सकिदोरहेछ ।
२. प्राकृतिक स्रोत मानिसको अमूल्य सम्पत्ति हो ।
३. ओत नभएकाहरुको पनि बासस्थान बन्न सक्छ ।
४. संगठित भएमा राज्यले प्रदान गर्ने सुविधा लिन सकिन्छ – नागरिकता, स्थायी बसोबास ।
५. सामुदायिक वनमा आयमूलक नगदे खेती ।
६. भीख हैन सीप दिन पर्दो रहेछ भन्ने कुरा ।
७. एकताको दह्रो पाठ ।
८. पाखुरी नै सम्पत्ति हो ।
९. आफ्नै परम्परा, संस्कृति र आफूसँग जे जति छ त्यसैमा संतोष तर त्यसलाई कसरी राम्रो दिगो र प्रभावकारी बनाउने भन्ने सकारात्मक सोंच ।
१०. वनमा आफ्नो हक, अधिकार र कानुनी प्रकृयाबारे बुझ्न साक्षर नै हुन पर्दो रहेनछ भन्ने पाठ ।
११. नमुना सा.व.को रुपमा मुसहरहरुको परिकल्पना

नोट. यो लेखको लागि सामग्री सहयोग जुटाइदिनु हुने रनबहादुर थापा (सा.व.उ. महासंघ) प्रति हार्दिक आभार व्यक्त गर्दछौ ।

(लेखक फरेष्टएक्सन र सामुदायिक वन उपभोक्ता महासंघसँग आवद्धहुनुहुन्छ ।)